नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+ code: 476K+J6

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७९।८०
चलानी नं :-

मितिः २०७९।१२।०२

## जिल्ला प्रशासन कार्यालय रसुवाको अनुरोध !

जिल्लाका विभिन्न स्थानमा वन डढेलोको समस्या बढी रहेको छ । सुख्खायाम र हावाहुरीको प्रभावले डढेलो फैलने भयले बस्ती र जनमानसमा त्रास फैलिएको छ । डढेलो जस्ता सामाजिक समस्या नियन्त्रणमा प्रत्येक व्यक्ति समुदाय, गै.स.स., स्थानीय तह, सरकारी कार्यालय, सुरक्षा निकाय सबैको समन्वयात्मक प्रयास आवश्यक रहन्छ । साथै, डढेलोबाट जोगिन निम्न कुराहरूमा जिल्ला प्रशासन कार्यालय सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ ।

वनजंगलमा डढेलो लगाउने कार्य दण्डनीय अपराध हो, कोही कसैले यस्ता कार्य गरे/गराएको फेला परेमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**निम्नः**

- सलाई, लाईटर लगायत प्रज्वलनशील पदार्थहरू बालबालिकाको पहुँचबाट टाढा राखौं ।
- जाडोबाट बच्नको लागि आगो, हिटर प्रयोग गरेपछी सुत्ने समयमा निभाएर मात्र सुत्ने गरौं ।
- खाना बनाईसकेपछि तथा अन्य कुनै कामको सिलसिलामा खुला स्थानमा आगो वाली सकेपछी राम्ररी आगो निभाउने र आगो पूर्णरुपमा निभे/ननिभेको एकीन गरौं ।
- चुरोट, बिडी सेवन गरी चुरोट बिडीका ठुटाहरू जथाभावी नफालौं ।
- कुनैपनि निहुँमा वनजंगलमा आगो लगाउने काम नगरौं ।
- डढेलोबाट बन्यजन्तु, मानवीय बस्ती, जनधनको समेत क्षेति हुनसक्ने भएको हुँदा वनजंगलमा डढेलो लाग्न नदिन सदैव सचेत बनौं । कतै वनजंगलमा डढेलो लागेको पाईएमा तुरुन्त नजिकको प्रहरी कार्यालय वा सुरक्षा निकायमा खबर गरौं ।

..............................
२०७९/१२/०२
(दयाराम पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी